# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या: २३/०७९/०८०　　　　　　　　　　मिति:२०८०/०२/२८

अध्यक्षता: नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थिति:

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

<u>बैठक संख्या २३/०७९/०८० अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०२/०८</u>

मिति २०८० साल ज्येष्ठ ८ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. समिक्षा सम्बन्धमा ।**

मिति २०८०/०१/२८ गते बसेको अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।निर्णयहरुको कार्यान्वयनको स्थितिका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट बैठकमा जानकारी भयो ।

**२. नदीजन्य पदार्थ उत्खननका लागि मेसिनरी उपकरण प्रयोग सम्बन्धमा।**

अर्जुनधारा नगरपालिकाबाट आइइइ गरिएका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन संकलन तथा विक्रीका लागि चालु आर्थिक वर्ष २०७९/०८० मा ठेक्का बन्दोवस्त भएकोमा उक्त नदीहरुबाट ढुङ्गा गिटी बालुवा उत्खननका लागि हेभी मेसिनरी उपकरण प्रयोगका लागि ठेकेदार पक्षबाट निवेदन प्राप्त भएको , जिल्ला विपद् व्यवस्थापन समितिबाट समेत अर्जुनधारा नगरपालिकाका नदीहरुमा अत्याधिक मात्रामा ढुङ्गा, गिटी बालुवा थुप्रिएकाले मनसुन सुरु हुनुपुर्व नै उत्खनन गरिसक्नका लागि हेभी मेसिनरी उपकरण प्रयोगका लागि लेखि आएको र २ नं वडा समितिको मिति २०८० जेठ ५ गतेको बैठकबाट समेत नगरपालिकाकोशनि प्रत्यक्ष निगरानीमा हेभी मेसिनरी उपकरण सञ्चालन गरी नदीजन्य पदार्थ उत्खनन संकलनका लागि अनुरोध गर्ने निर्णय भई आएको हुँदा सम्बन्धित वडा समितिका पदाधिकारी, नगरपालिकाका प्रतिनिधि एवं प्राविधिकहरुको सुपरिवेक्षणमा स्वीकृत आइइइ प्रतिवेदनले तोके बमोजिम निम्नानुसारको क्षेत्रमा उत्खनन गर्न २०८० ज्येष्ठ मसान्तसम्का लागि कार्यालयबाट तोकिएका हेभी मेसिनरी उपकरण सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो ।

**निम्नः**

| |
|---|
| टाङटिङ गोयाङ्ग दोभान माथि टाङटिङ तर्फ २०० मी |
| टाङटिङ गोयाङ्ग दोभान तल ४२५ मी |
| भिमले चौरासे क्षेत्र ४०० मी |
| सानो नेते टाङटिङ दोभान दक्षिण ५०० मी |
| ठूलो नेते टाङटिङ दोभान दक्षिण ५०० मी |

**३. जीर्ण पुल तथा कज्वे मर्मत सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका भित्र जीर्ण अवस्थामा रहेका पुल तथा कज्वेहरु मनसुन सुरु हुनुपूर्व नै मर्मत सम्भार गर्दा वर्षाद्को समयमा आवागमन सहज गर्न सकिने हुँदा यस नगरपालिका भित्र जीर्ण अवस्थामा रहेका पुल तथा कज्वेहरुको स्थलगत अनुगमन निरीक्षण गरी सोको मर्मत सम्भारका सम्बन्धमा आवश्यक राय प्रतिवेदन पेश गर्न निम्न बमोजिमको समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियो ।

| | |
|---|---|
| सम्बन्धित वडाका वडा अध्यक्ष | संयोजक |
| पूर्वाधार विकास समितिका संयोजक | सदस्य |
| विपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

४. तटबन्धन योजना सञ्चालन सम्बन्धमा ।

यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत योजना अन्तर्गत वडा नं १,२,३,४ र ५ को बिरिङ्ग टाङ्गटिङ्ग लगायतका नदीहरुबाट प्रभावित क्षेत्रहरुमा तटबन्धन कार्यक्रमका लागि बजेट विनियोजन भई प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई श्रमिकको रुपमा खटाउने गरी योजना सञ्चालन गरिरहेकोमा वडा नं २, ३ र ४ मा सञ्चालित योजनामा न्यून प्रगति देखिई मनसुन सुरु हुनुपूर्व नै सम्पन्न हुने नदेखिएको र उक्त योजनाहरु वर्षात अगावै सम्पन्न हुन नसकेमा वर्षाद्को समयमा बाढीका कारण विपद् निम्तिन सक्ने देखिएकाले वडा नं २ ,३ र ४ मा उक्त तटबन्धन योजना सञ्चालनका लागि उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्ने निर्णय गरियो ।साथै, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं १ मा तटबन्धन योजना समापन हुने चरणमा रहेकाले उक्त योजनामा संलग्न श्रमिकहरुलाई वडा नं १ को नदीनियन्त्रण ,पहिरो व्यवस्थापन तथा विपद व्यस्थापान आयोजनामा खटाउने निर्णय गरियो ।

५. शनिश्चरे अस्पतालको लागि थप जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

अर्जुनधारा नगरपालिका वडा नं ९ मा रहेको शनिश्चरे अस्पतालमा आउने बिरामीहरुको चाप अनुसार सेवा व्यवस्थापन गर्न हाल कार्यरत जनशक्ति पर्याप्त नभएको भनी थप जनशक्तिको सेवा करार लिनका लागि आवश्यक प्रक्रियाका लागि अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार अनुरोध भई आएकोमा हालका लागि तत्काल आवश्यक जनशक्तिको मात्र संख्या यकिन गरी पठाउन अस्पताल व्यवस्थापन समितलाई अनुरोध गर्ने र अस्पताल व्यस्थापन समितिबाट प्राप्त हुने संशोधित संख्या बमोजिम सेवा करारमा जनशक्ति छनौटका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

६. हावाहुरीबाट भएको क्षतिको विवरण संकलन सम्बन्धमा ।

मिति २०८० साल ज्येष्ठ २ गते तथा अघिपछि आएको ठूलो हावाहुरी तथा असिनापानीले धेरै घरहरुमा क्षति पुगेकाले तत्काल राहतका लागि अनुरोध प्राप्त भएकाले उक्त हावाहुरी तथा असिनापानीले पुर्याएको क्षतिको अनुगमन निरीक्षण गरी निम्न बमोजिम मापदण्ड अनुसार टिनको छाना फेर्नका लागि राहत सिफारिस उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | घरको विवरण | राहत |
|---|---|---|
| १ | टाटीको बेरा भएको,बाँसको सहायतामा छानामा जस्ता वा परालको छाना लगाएको (अति विपन्न परिवार) | सत प्रतिशत |
| २ | काठको कैंची बटम भएको घर (विपन्न परिवार) | ७० प्रतिशत |
| ३ | सामान्य घर | ५० प्रतिशत |

७. शिक्षक सरुवा/दरबन्दी मिलान सम्बन्धमा ।

अर्जुनधारा नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको सरुवा तथा दरबन्दी मिलान सम्बन्धि कार्य गर्दा नगर कार्यपालिकाको परामर्श एवं निर्णय बमोजिम मात्र गर्न

गराउनका लागि नगर कार्यपालिकाको कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

८. **स्थानीय राजश्व बाँडफाँडबाट प्राप्त हुने आय सम्बन्धमा ।**

यस नगरपालिकाको गत आर्थिक वर्ष २०७८/०७९ को नदीजन्य पदार्थ उत्खनन सम्बन्धि ठेक्काबाट प्राप्त हुने आयका सम्बन्धमा सम्मानित उच्च अदालत विराटनगरको इलाम इजलासमा मुद्दा परी ठेक्काबाट प्राप्त हुने राजश्व बाँडफाँडको कार्य स्थगित रहेकोमा उक्त मुद्दाको अन्तिम फैसला यस नगरपालिकाको पक्षमा फैसला भई ठेक्काबापत प्राप्त हुने आय संकलनको प्रक्रियामा रहेकोमा उक्त राजश्व बाँडफाँडको रकम प्राप्त भएपश्चात सो रकमबाट सञ्चालन हुने आयोजनाहरु छनौटका लागि नगर प्रमुखज्यूलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

९. **बजेट विनियोजन सम्बन्धमा ।**

विभिन्न व्यक्ति संस्था तथा उपभोक्ताहरुबाट विभिन्न परियोजनाका लागि आर्थिक सहयोग तथा बजेट व्यवस्थाका लागि प्राप्त निवेदन बमोजिम देहायका कार्यक्रम/आयोजनाका लागि देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।उक्त योजनाहरुको सम्झौताका लागि ७ दिनको म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम/आयोजना | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | सारेगम कला केन्द्र गायन प्रतियोगिता सञ्चालन | २००००० | भाषा कला सँस्कृति |
| २ | बेल्टार खेलमैदान स्तरोन्नति | १५०००० | खेलकुद |
| ३ | डाँडागाउँ हुदै कैलासघाट जाने बाटो कालोपत्रे रकम थप | १५०००० | प्रस्तावनामा आधारित |
| ४ | कालिस्थान नाला निर्माण रकम थप | ६००००० | प्रस्तावनामा आधारित |
| ५ | हिलेखोला तटबन्धन थप वडा नं १० | ४००००० | प्रस्तावनामा आधारित |
| ६ | सिंहवाहिनी प्रा वि वडा नं १० मा कम्प्युटर खरिद | १००००० | प्रस्तावनामा आधारित |
| ७ | वडा नं १ को माङहिम मर्मत | ३००००० | भाषा कला सँस्कृति |
| ८ | वडा नं ४ को माङहिम मर्मत | २००००० | भाषा कला सँस्कित |
| ९ | कालिमन्दिर मर्मत, वडा नं १० | २००००० | भाषा कला सँस्कृति |
| १० | पंचकन्या मन्दिर मर्मत वडा नं १० | १००००० | भाषा कला सँस्कृति |
| ११ | वडा नं ७ टेकबहादुर राई औषधोपचार सहयोग | २५००० | सामाजिक सहायता |
| १२ | दिलमाया दास औषधोपचार सहयोग वडा नं ३ | ३५००० | सामाजिक सहायता |
| १३ | अंश लिम्बु औषधोपचार सहयोग वडा नं ३ | १०००० | सामाजिक सहायता |
| १४ | पाँडे खोल्सीको कल्भर्टमा रहेको बाटो मर्मत वडा नं २ | ५०००० | विपद् व्यवस्थापन |
| १५ | लाप्चेटार खण्डमा टाङटिङ खोलाले धार परीवर्तन गरी अवरोध भएको बाटो संरक्षणका लागि लागि माटोको ड्याम निर्माण,वडा नं २ | २००००० | प्रकोप व्यवस्थापन |

१०. **विविधः**

(१) अर्जुनधारा नगरपालिका वडा नं ४ मा रहेको स्वास्थ्य चौकी अर्जुनधारामा रहेको एम्बुलेन्स हालः ग श्रेणीको रहेकोमा उक्त एम्बुलेन्समा तोकिएको मापदण्ड बमोजिमको सुविधाहरु थप गरी ख श्रेणीको एम्बुलेन्समा स्तरोन्नति गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

(२) अर्जुनधारा नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा स्यानिटरी प्याडका लागि भेन्डिङ्ग मेसिन जडान गर्नु आवश्यक भएको हुँदा नगरपालिकाको चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमबाट श्रोत व्यवस्थापन गरी भेन्डिङ्ग मेसिन जडान गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।